Punyawati Journal
Volume 2, 2026
DOI: https://doi.org/10.3126/punyawati.v2i1.90308 ISSN: 3059-9652 (Print), 3059-9660 (Online)

# धार्मिक पर्यटनको दृष्टिमा काभ्रेपलाञ्चोक जिल्लाको पलाञ्चोक भगवती मन्दिर

**परशुराम अधिकारी[१], माया अधिकारी[२]**

*१. सहायक प्राध्यापक, इन्द्रेश्वर क्याम्पस, पनौती*
*२. शिक्षक, काठमाडौं विश्वविद्यालय हाई स्कूल, पनौती*

## लेखसार

यस अनुसन्धान लेखको प्रमुख उद्देश्य काभ्रेपलाञ्चोक जिल्लामा अवस्थित ऐतिहासिक पलाञ्चोक भगवती मन्दिरको धार्मिक पर्यटनको अवस्था, त्यसको सामाजिक(आर्थिक प्रभाव र दिगो विकासका सम्भावनाहरूको विश्लेषण गर्नु हो । गुणात्मक अनुसन्धान ढाँचा अन्तर्गत स्थलगत अवलोकन र मन्दिर परिसरका १२ जना सहभागीहरू ९ जना स्थानीय निवासी, व्यवसायी, पुजारी र ३ जना दर्शनार्थीसँग गरिएको गहन अन्तर्वार्ताको विश्लेषण यस अध्ययनको आधार हो । अध्ययनको निष्कर्षले मन्दिरलाई धार्मिक आस्थाको केन्द्र, स्थानीय अर्थतन्त्रको इन्जिन र सांस्कृतिक पहिचानको आधारस्तम्भको रूपमा प्रस्तुत गर्दछ । यसले महिला सहित स्थानीय समुदायलाई रोजगारीको अवसर प्रदान गरेको र कृषि उत्पादनको लागि बजार सिर्जना गरेको पाइयो । तथापि, भौतिक पूर्वाधारको कमी, फोहोर व्यवस्थापनको चुनौती, पर्यटक प्रवाहको मौसमी अस्थिरता र व्यवस्थापनमा समन्वयको अभाव जस्ता गम्भीर समस्याहरू पनि छन् । यस आधारमा दिगो विकासको लागि स्थानीय नागरिक, स्थानीय सरकार र केन्द्र सरकारको तीन तहमा समन्वित रणनीति आवश्यक छ । सामुदायिक सहभागिता, एकीकृत व्यवस्थापन योजना, पूर्वाधार विकास र “धार्मिक सांस्कृतिक पर्यटन कल्स्टर” को रूपमा संस्थागत मान्यता जस्ता उपायहरूसहित सुझाव समेत प्रस्तुत गरिएको छ ताकि यस महत्वपूर्ण धरोहरको आध्यात्मिक गरिमा कायम रहँदै यसबाट समावेशी र स्थानीयकृत आर्थिक लाभ सुनिश्चित हुन सकोस् ।

**शव्दकुञ्जी:** धार्मिक पर्यटन, पलाञ्चोक भगवती, स्थानीय अर्थतन्त्र, सामुदायिक सहभागिता, दिगो सामुदायिक विकास

| Manuscript Received | Final Revision | Accepted |
|---|---|---|
| 29 September, 2025 | 24 January, 2026 | 28 January, 2026 |

*P. Adhikari (parshu@kuhs.edu.np)
*M. Adhikari (maya@kuhs.edu.np)

© Authors; Published by Punyawati Journal and peer-review under the responsibility of Indreshwor Campus.
Licensed under CREATIVE-COMMONS license CC-BY-NC 4.0

## १. विषय प्रवेश

हिन्दु संस्कृतिमा अनेक देवदेवी/भगवान् भगवतीको चर्चा भएको पाइन्छ । हिन्दुहरु त्रिदेवलाई पुज्ने गर्दछन्। ब्रह्मालाई सृष्टिकार्ताका रुपमा, विष्णुलाई पालनकर्ताका रुपमा र शिवलाई संहारकर्ताका रुपमा उपासना गर्ने परम्परा छ । यसर्थ हिन्दु धर्मलाई वहुईश्वरवादमा आधारित धर्मका रुपमा लिइन्छ । हिन्दु धर्मलाई करिव ५ हजार वर्ष पहिलेदेखि नै अस्तित्वमा रहेको अनुमान गरिन्छ (आचार्य, २०७६ पृ.१७९) । धर्मको विकास हुने क्रममा हिन्दु धर्मभित्र मुख्य रुपमा वैष्णव, शैव र शाक्त सम्प्रदाय देखा परे । वैष्णवहरु विष्णुका दश अवतार र त्यसमा पनि कृष्णलाई मूल अवतार मानेर भक्ति गर्दछन् । यस्तै शैवहरु जप, तप, यज्ञ, योग र आत्मशुद्धिमा केन्द्रित भएर शिव पुजन गर्दछन् भने शाक्त सम्प्रदायमा शक्तिलाई केन्द्रमा राखेर नारी शक्तिको उपासना गर्ने परम्परा छ । नेपाली समाजमा प्राग् ऐतिहासिक कालदेखि नै शिवसँगै शक्तिको पनि उपासना गर्ने गरिएको पाइन्छ । यसरी हिन्दु संस्कृतिमा विभिन्न नाममा पुरुष शक्ति र नारी शक्तिको आराधना गर्ने परम्परा रहेको छ (इडि विश्वनाथन् ,२०६५, पृ.१३५)

“मातृदेवो भव”: संसारमा मातृशक्तिको महिमा अपरम्पार छ । सनातनी हिन्दु समाजमा महासरस्वती (ज्ञान), महालक्ष्मी  (वैभव) र महाकाली (शक्ति) लाई नारीदेवीका रुपमा पुजन गरिन्छ । देवको स्त्रीलिङ्गी शब्द देवी हो । देवका मातृरुप देवी हुन् । नेपाली सनातनी परम्परामा लक्ष्मी, सरस्वती, पार्वती, दुर्गा, काली लगायतलाई नौ देवीका रुपमा मान्ने र पुज्ने गरिन्छ । देवीको विशिष्ट सम्वोधनीय उपाधि भगवती हो । देवीको सर्वोच्च र शक्तिशाली रुपलाई भगवती भनिन्छ । काम एकै भएर पनि रुप र भावका आधारमा नाम अलग भएका हुन् । मार्कण्डेय पुराणको देवी महात्म्यमा सम्पूर्ण ब्रह्माण्डको मूल शक्ति एउटै छ त्यो शक्ति नै देवी पनि हो र भगवती पनि हो भन्ने कुरा उल्लेख भएको पाइन्छ । सारमा सिङ्गो जगतको सृजन, पालन र संहार गर्ने महाशक्ति स्वरुपिणी आद्याशक्ति देवीको समग्र रुप नै भगवती हो । ब्रह्मा, विष्णु र महेशको शक्तिलाई विश्वशक्ति र त्यही विश्वशक्तिलाई भगवती भनेर सम्बोधन गरिन्छ (श्रीमद्देवी भागवत महापुराणम् प्रथम खण्ड,२०८०) । स्वर्ग, मर्त्य, पाताल तीनै लोकको रक्षाका लागि देवताहरु मिलेर शक्तिको प्रार्थना गरेपछि आदिशक्तिको उत्पत्ति भएको मानिन्छ । त्यही आदिशक्तिलाई देवी भगवतीका रुपमा चिनिन्छ। आदि शक्तिलाई सगुण र निर्गुण दुबै रुपमा पाउन सकिन्छ ।

नेपालमा सनातनदेखि नै शिव र शक्तिको उपासना गर्ने परम्परा रहेको छ । काभ्रेपलाञ्चोक जिल्लामा अवस्थित हिमवत्खण्ड वर्णित छ ओटा शिवपीठ (शिवलिङ्ग) छन् (अधिकारी र अधिकारी, २०२५ पृ.१७५-१८३.) भने यहाँ  चण्डेश्वरी भगवती, उग्रचण्डी भगवती, पलाञ्चोक भगवती जस्ता पौराणिक शक्तिपीठहरु पनि रहेका छन् । तिनै शत्तिपीठहरु मध्ये पलाञ्चोक भगवती पनि एक हो । पलाञ्चोक भगवती मन्दिर हाल काभ्रेपलाञ्चोक जिल्ला पाँचखान नगरपलिका वडा नं ९ साठीघर भन्ने स्थानमा रहेको छ । यो मन्दिर लिच्छविकालीन राजा मानदेवको पालामा वि.सं ४२५ मा स्थापना भएको तथ्य इतिहासमा उल्लेख भएको पाइन्छ ( गौतम,२०६१, पृ ४६९ ) । लिच्छविकालको छविका रुपमा नेपाली प्यागोडा शैलीमा निर्मित पलाञ्चोक भगवती मन्दिर काठमाडौंबाट करिव ४० किलोमिटरको दूरीमा रहेको छ । इँटा, माटो र इँट काटेर बनाइएको धुलो (सुर्की) को समिश्रणबाट निर्मित भगवतीको मन्दिरमा हाल धातुको छाना र तामाको गजुर देख्न सकिन्छ । मन्दिरमा काष्ठकलाका सुन्दर सिर्जना रहेका छन् । मन्दिरका टुँडाल र झ्याल आकर्षक

छन् । मन्दिरको मूल ढोकाबाहिर प्रस्तर र धातुका सिंहमूर्तिहरु छन् । मन्दिर वरिपरि अन्य देवदेवीका मूर्तिहरु पनि देख्न सकिन्छ भने यात्रीहरु बस्नका लागि फलामका बेन्चहरु पनि राखिएको छ ।

लिच्छवि कालदेखि नेपालमा विस्तारित हुन थालेको शाक्त सम्प्रदायको शाक्त धर्मप्रतिको आस्था विस्तार हुँदै गएपछि पलाञ्चोक भगवतीको पूजा र भक्तिको सिलसिला आरम्भ भएको मानिन्छ (क्षेत्री र रायमझी, २०६० पृ. १३७ ) । पलाञ्चोक भगवतीलाई ज्ञान, करुणा र उर्जाको प्रतीकका रुपमा चिनिन्छ । एउटै शालग्राम ढुङ्गाबाट बनेको १८ ओटा हात भएकी पलाञ्चोक भगवतीलाई चाँदीको गहना पहिऱ्याइएको छ भने भगवतीको मूर्ति पश्चिमतर्फ फर्केको छ । पलाञ्चोक भगवतीको मूर्ति निर्माण गरेपछि यति सुन्दर मूर्ति कलाकारले अर्को नबनाओस् भनेर मूर्ति निर्माता कलाकारको हात काटिएको थियो (कतै राजाले कलाकारलाई मारेका थिए ) भन्ने जनश्रुति रहेको पाइन्छ । त्यसपछि सोही कलाकारले नाला, शोभा र नक्साल भगवतीको मूर्ति खुट्टाले बनाएका थिए भन्ने गरेको पनि सुन्न पाइन्छ ।

कुनै खास धार्मिक सम्प्रदायका मानिसहरुले मानी आएका मन्दिर एवम् पवित्र तीर्थस्थलहरुमा धार्मिक तथा आध्यात्मिक उद्देश्यले घुमफिर गर्नु  धार्मिक पर्यटन हो (क्षेत्री र रायमाझी, २०६१ पृष्ठ ३०) । उपत्यका नजिकको ऐतिहासिक र धार्मिक महत्व बोकेको पलाञ्चोक भगवती आन्तरिक र बाह्य पर्यटकीय सम्भावना बोकेको पवित्र शक्तिपीठ हो । हिन्दु सनातनीहरुका लागि आश्थाको केन्द्र हुनाका साथै तान्त्रिक विद्यामा विश्वास गर्नेहरुका लागि तन्त्र साधनाको केन्द्र हो ।  करिब १५ सय वर्ष पुरानो ऐतिहासिक प्रस्तरकलाको मूर्ति हुनुले कलापारखीहरुका लागि कला समीक्षाको केन्द्र बन्न सक्ने र प्राकृतिक सौन्दर्यपारखीहरुका लागि यस स्थानबाट हिमाली सौन्दर्यको रसपान गर्न सकिने भएकाले यहाँ पुग्ने यात्रीहरुले एकै पटक प्रकृति र अध्यात्मको रसानुभूति गर्न सक्छन् । यति मात्र नभई पलाञ्चोक भगवती, नक्साल भगवती र शोभा भगवतीलाई एकैजना कलाकारले निर्माण गरेको भन्ने जनश्रुति रहेकोले यी तीनओटै शक्तिपीठमा एकदिने तीर्थ पर्यटकीय परिक्रमा गराउन सकिन्छ ।

नेपाल मन्दिरै मन्दिरको देश हो तसर्थ नेपालमा धार्मिक पर्यटन आन्तरिक र बाह्य दुबै रुपमा गर्न गराउन सकिन्छ । धार्मिक पर्यटनको प्रवर्द्धनका लागि नेपालका मठमन्दिरलाई अधिकतम उपयोग गर्न सकिन्छ । आजको व्यस्त जीवनमा मानिसहरुलाई मानसिक शान्ति, मनोरञ्जन र आध्यात्मिक सन्तुष्टिका लागि धार्मिक तीर्थस्थल घुमफिर  गर्न र गराउन सकिने भएकाले धार्मिक पर्यटनमा टेवा पुग्न सक्छ । उल्लिखित विभिन्न आधारमा हेर्दा पलाञ्चोक भगवती मन्दिर प्राचीनता, शाक्त परम्परा र लिच्छविकालीन वास्तुकलाको उत्कृष्ट नमुना हुनाका साथै नेपालको पवित्र शक्तिपीठ भएकाले यो धार्मिक पर्यटनको आकर्षक पर्यटकीय गन्तव्य हुन सक्छ । नेपालमा संस्थागत रुपमा प्रथम पञ्चवर्षीय योजनासँगै नेपाल पर्यटन विकास बोर्डको स्थापना पश्चात (खतिवडा र दाहाल  २०६७, पृ.१४८ ) नेपालमा विभिन्न प्रकारका पर्यटन हुने गरेका छन् । तसर्थ यस आलेखमा पलाञ्चोक भगवती मन्दिरलाई धार्मिक पर्यटनका हिसावले विश्लेषण गरिने छ भने यसले स्थानीय बासिन्दाको आयस्तरमा पारेको सकारात्मक नकारात्मक प्रभाव र अन्य आयामलाई केन्द्रमा राखेर मूल्याङ्कन गरिने छ ।

## २. साहित्य समीक्षा

युवराज गौतमको तीर्थ पर्यटन पुस्तक २०६१ नेपालका प्रमुख तीर्थस्थलहरु अन्तर्गत पलाञ्चोक भगवतीको ऐतिहासिकता, मन्दिर र मूर्तिको वर्तमान स्वरुप र संरचना एवम् मन्दिरसम्म पुग्ने यात्रा मार्गको चर्चा गरेको छ । यस संक्षिप्त लेखले प्रस्तुत अध्ययनलाई सहयोग पुग्दछ तर यसमा धार्मिक पर्यटनको सन्दर्भमा सविस्तार चर्चा गरेको छैन ।

मोहन सिं लामाको काभ्रेली गुञ्जन २०८१ मा प्रकाशित काभ्रेपलाञ्चोक जिल्लाको विविध सम्पदाहरुको संक्षिप्त विवरण शीर्षकको आलेखमा पाँचखाल नगरपालिकाभित्र पर्ने पलाञ्चोक भगवती मन्दिरको ऐतिहासिकता र सो मन्दिर परिसरमा रहेका अन्य केही मन्दिरहरुको उल्लेख गरेको छ यद्यपि यस लेखमा धार्मिक पर्यटनको चर्चा भेटिँदैन ।

पुरातत्व विभागको द्वैमासिक मुखपत्र सङ्ख्या ९१ पौष–माघ २०४२ मा प्रकाशित सोनी मास्केको Shakta Iconology of Nepal लेखमा शाक्तमतको चर्चा गर्दै लिच्छविकालीन पलाञ्चोक भगवतीको मूर्तिको विशेषता, भगवतीको शरीरको वनावट, भावभङ्गी र शारीरिक विन्यासको बारेमा उल्लेख गरेको छ । आकर्षक र मनमोहक नेपाली कलाको वर्णन गरेको छ तर यसले धार्मिक पर्यटनको विषयमा बोलेको पाइँदैन ।  त्यसैले प्रस्तुत शोध लेखमा धार्मिक पर्यटनका दृष्टिमा काभ्रेपलाञ्चोक जिल्लाको पलाञ्चोक भगवती मन्दिरको अवस्थालाई अनुसन्धानको अभावको रुपमा पूरा गर्ने प्रयास गरिने छ (श्रेष्ठ,२०२२ भोल्युम १४, पृष्ठ ६८– ८२) ।

## ३. उद्देश्य र अध्ययन विधि

काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न शक्तिपीठहरु मध्ये पाँचखाल नगरपालिका वडा नं ९ साठीघरमा रहेको पलाञ्चोक भगवती मन्दिरलाई धार्मिक पर्यटनका दृष्टिले पलाञ्चोक भगवती मन्दिरलाई अध्ययनको मुख्य समस्याको रुपमा उठान गरिएको छ । यस लेखमा पलाञ्चोक भगवती मन्दिरको धार्मिक पर्यटनको अवस्था, आर्थिक सामाजिक प्रभाव, स्थानीय रोजगारीमा परेको प्रभाव, विभिन्न अवसरमा  पर्यटक आगमनको सङ्ख्या, पर्यटनले स्थानीयलाई पारेको सकारात्मक नकारात्मक अवस्थालाई उजागर गरी  धार्मिक पर्यटनलाई दिगो बनाउने उपायको खोजी गर्नुलाई मुख्य उद्देश्य बनाइएको छ ( अधिकारी र अधिकारी २०२५ भोल्युम १ पृष्ठ ७९- ८८) । प्रस्तुत आलेख तयार पार्नका लागि गुणात्मक विधिको उपयोग गरिएको छ  (Creswell &Creswell, 2018) । सामग्रीको प्राथमिक स्रोतका लागि स्थलगत अवलोकन गरेर सामग्री सङ्कलन गरिएको छ । मन्दिर आसपासका ९ जना स्थानीय नागरिक तथा ३ जना दर्शनार्थीसँग प्रत्यक्ष साक्षात्कारबाट अन्तर्वार्ता लिइएको छ (Mason, 2018) । अन्तर्वार्ताको क्रममा विभिन्न पेशा र सामाजिक स्थितिका व्यक्तिहरू उपस्थित थिए । जसमा [p1] जनप्रतिनिधि, [p2] स्थानीय बुद्धिजीवी, [p3] स्थानीय शिक्षक, [p4] जेष्ठ नागरिक, [p5] स्थानीय युवा, [p6] मन्दिर पुजारी, [p7] स्थानीय उत्पादन विक्रेता, [p8] पुष्पपाती विक्रेता, [p9] पुष्पपाती विक्रेता [p10] दर्शनार्थी नृत्य शिक्षक, [p11] दर्शनार्थी र [p12] दर्शनार्थी योग शिक्षिका समावेश थिए । यसै गरी द्वितीय स्रोतका लागि विभिन्न पुस्तकहरु, पत्रपत्रिका, डिजिटल अनलाईन प्रकाशन लगायतका सामग्रीलाई उपयोगमा ल्याइने छ । यिनै उपलब्ध भएका सामग्रीहरुको अध्ययनका आधारमा यस लेखलाई वर्णनात्मक ढाँचामा विश्लेषण र मूल्याङ्कन गरिने छ ।

## ४. अध्ययनको नतिजा र व्याख्या

उपर्युक्त १२ जना सहभागीहरूको विस्तृत कथन तथा अध्ययनका उद्देश्यहरूको आधारमा निम्नलिखित नौवटा सान्दर्भिक विषयवस्तु (lyd) मा विश्लेषणात्मक व्याख्या प्रस्तुत गरिएको छ । यस विश्लेषणले केवल विषयहरू सूचीबद्ध गर्नुको साटो, ती विषयहरू कसरी सहभागीहरूको अनुभव र दृष्टिकोणबाट उत्पन्न भए, तिनको अन्तर्सम्बन्ध, र तिनको व्यापक सामाजिक आर्थिक निहितार्थलाई गहन र खोजपूर्ण ढङ्गले प्रस्तुत गर्दछ ।

### ४.१ दैवीय शक्तिको गहन आस्था र आध्यात्मिक केन्द्रको रूपमा मन्दिर

यो विषय मन्दिरको मूलभूत आकर्षण शक्ति र भक्तजनको मानसिकतालाई बुझ्न केन्द्रित छ । कथनहरूबाट स्पष्ट छ कि पलाञ्चोक भगवती केवल एउटा धार्मिक संरचना मात्र होइन, एक साक्षात जाग्रत देवीको वासस्थान हो भन्ने गहिरो विश्वासले यसलाई श्रद्धाको केन्द्र बनाएको छ ।

भक्तजनहरूले देवीलाई कुलदेवी [p11], मातृशक्ति [p10], वा व्यक्तिगत आशिर्वाददात्रीको रूपमा हेर्छन् । [p10] ले भगवतीप्रति आफ्नो गहिरो विश्वास र भाकल पूरा भएको कुरा गर्छिन् जसले लौकिक सम्बन्धभन्दा परको व्यक्तिगत, भावनात्मक अडानलाई सङ्केत गर्छ । [p12] को कथन छिटै फेरि भेटौंला भन्दै मनमनै भगवतीसँग विदा माग्नुले देवीलाई एउटा सजीव सत्तासँगको विदाईको भावनालाई देखाउँछ, जुन सामान्य पर्यटन अनुभवभन्दा फरक छ ।

मन्दिरको ख्याति मुख्यतया मनोकांङ्क्षा पूरा हुने [p3, p5, p10] विश्वासमा आधारित छ । यो विश्वास यति बलियो छ कि [p11] जस्ता भक्तजन कहिले मनोकामना पूरा होस् भनेर त कहिले भाकल पूरा भएपछि धन्यवाद दिन बारम्बार आउने गर्छन् ।

यसले मन्दिरलाई एउटा लेनदेन र साटफेर सम्बन्धको केन्द्र बनाउँछ, जहाँ भक्तले श्रद्धा र प्रसाद चढाउँछन् र देवीबाट कामना पूर्तिको आशा गर्छन् । [p11] ले गरेको शारदीय नवरात्रमा शक्ति उपासना बलियो हुने र तन्त्रमन्त्रको साधनाको लागि उपयुक्त समय भन्ने विश्लेषणले मन्दिरको केवल लौकिकभन्दा मर्मज्ञ आध्यात्मिक र साधनात्मक महत्तालाई पनि उजागर गर्दछ । यसले यसलाई सामान्य दर्शनार्थीभन्दा तपस्वी र साधकहरूको पनि आकर्षण केन्द्र बनाउँछ ।

यो विषयले सङ्केत गर्दछ कि मन्दिरको सफलता र स्थानीय अर्थतन्त्रमा यसको प्रभावको मूल आधार नै यसप्रतिको अटुट आस्था हो । यो आस्थाले मात्रै पर्यटकलाई आकर्षित गर्दैन, तर तिनलाई दान,प्रसाद, पूजाआजा र कोसेली खरिद गर्न प्रेरित गर्दछ, जसले सिधै आर्थिक गतिविधिलाई ईन्धन दिन्छ । यसैले, कुनै पनि विकास योजनाले यस आस्थामा चोट पुऱ्याउने गरी मन्दिरको आध्यात्मिक वातावरण र गरिमालाई क्षति नपुऱ्याउन ख्याल गर्नु जरुरी छ ।

### ४.२ स्थानीय अर्थतन्त्रको निर्माण र आयस्रोतको विविधीकरण

कथनहरूबाट स्पष्ट रूपमा देखिन्छ कि पलाञ्चोक भगवती मन्दिर स्थानीय अर्थतन्त्रको मुख्य स्रोत हो । यसको प्रभाव बहुआयामिक र यथार्थपूर्ण छ । [p1] को अनुसार ६०–७० घर र [p5] को अनुसार ४०–४५ घर प्रत्यक्ष रूपमा जोडिएका छन् यसमा पूजारी [p6], पुष्पप्रसाद विक्रेता [p8, p9], स्थानीय उत्पादन विक्रेता [p7], होटेल र खानापान संचालक [p1], र कवल र दोकान भाडाको रूपमा आम्दानी गर्नेहरू [p6] समावेश छन् ।

[p9]ले आफ्नो पढाइलेखाइ पनि नभएको अवस्थामा पनि यसले आजीविका दिएको बताउँछिन् । मन्दिरले स्थानीय कृषिलाई बजार सुनिश्चित गरेको छ । [p1, p3, p5] को कथनमा अमला, दलहन, तरकारी, फलफूलको कोसेलीको रूपमा खरिद हुने बारेको उल्लेखले एग्रोपर्यटनको एक प्रारम्भिक रूप देखाउँछ । यसले किसानहरूलाई उत्पादन गर्न प्रोत्साहन दिँदै स्थानीय खाद्य प्रणालीलाई सहयोग गर्दछ ।

[p8] / [p9]को कथनले व्यवसायको मौसमी अस्थिरताको चित्रण गर्दछ । नवरात्रि र विशेष दिनहरूमा राम्रै कमाइ [p9]] हुने भए पनि, सामान्य दिनहरूमा बिक्दैन [p8] वा नाफा लिन गाह्रो हुने समस्याले साना व्यावसायीहरूको आर्थिक सुरक्षामा चुनौती रहेको सङ्केत गर्दछ । [p9] को महङ्गाइको गुनासोले आपूर्ति शृङ्खला र लागतको चुनौतीलाई पनि इङ्गित गर्दछ ।

मन्दिरले अनौपचारिक अर्थतन्त्रमा ठूलो भूमिका खेलेको छ । विशेष गरी महिला (पुष्पविक्रेता) र कम शैक्षिक योग्यता भएकाहरूको लागि रोजगारी सिर्जना गरेको छ । तर, यो अर्थतन्त्र पर्यटकको प्रवाहमा निर्भर छ र साना व्यवसायीहरूले आर्थिक झट्का बेहोर्न सक्ने क्षमता सीमित छ । दिगो विकासका लागि यो अर्थतन्त्रलाई विविधीकरण गर्ने (जस्तै होमस्टे, स्थानीय हस्तशिल्प, गाइड सेवा) र मौसमी उतारचढावबाट बच्न सामुदायिक बचत वा सहकारी समिति जस्ता सामाजिक सुरक्षाजालका उपायहरू आवश्यक छन् ।

### ४.३ पर्यटक प्रवाहको मौसमी उतारचढाव, प्रवृत्ति र प्रभावहरू

सहभागीहरूको अनुमानहरूबाट पर्यटक आगमनको एक स्पष्ट ढाँचा देखिन्छ, जसले सुविधा व्यवस्थापनलाई गम्भीर चुनौती दिँदै आएको छ । शनिबार, मङ्गलबार, बिहीबार [p1, p3, p6] ले साप्ताहिक भिड बढाउँछ भने शारदीय नवरात्रि [p1, p5, p11] र चण्डी पूर्णिमाको मेला [p2] ले वार्षिक भिड बढाउँछ । [p1]ले नवरात्रिमा ५०००+ [p2] ले जात्रामा ५–७ हजारको उपस्थिति बताउँछन् ।

पर्यटकहरू केवल धार्मिक नभई पारिवारिक जमघट, पिकनिक तथा शनिवारीय मनोरञ्जन [p2] को लागि पनि आउँछन् । यसले धार्मिक पर्यटनलाई मनोरञ्जनात्मक पर्यटनसँग जोडेको छ, जसले खानपान र अन्य सुविधाको माग बढाउँछ । यो असमान प्रवाहले पार्किङ, शौचालय, खानेपानी र फोहोर व्यवस्थापन [p1, p2, p5] मा भारी दबाब सिर्जना गर्दछ । [p5] ले स्थानको अभाव र [p1] ले फोहोर व्यवस्थापन चुनौतीको उल्लेख गरेका छन् ।

पर्यटक प्रवाहको यो असमान वितरण स्थानीय अर्थतन्त्रका लागि अवसर तथा चुनौती दुवै हो । चरम माग पूरा गर्न अस्थायी उपायहरू (थप कर्मचारी, अस्थायी पार्किङ) अपर्याप्त छन् । दिगो समाधानको लागि पर्यटक प्रबन्धन योजना (जस्तै भिड कम गर्न अन्य आकर्षक विकास, अफसिजन प्रोत्साहन, प्रवेश /पार्किङ

प्रणाली) आवश्यक छ । साथै पिकनिक उद्देश्यलाई स्वीकार गर्दै उचित पिकनिक स्थल [p1] विकास गर्नाले दबाब केही हदसम्म कम हुन सक्छ ।

### ४.४ सांस्कृतिक संरक्षण र सामाजिक सामंञ्जस्यको आधारस्तम्भ

मन्दिर केवल आर्थिक केन्द्र मात्र होइन, तर स्थानीय संस्कृति, परम्परा र सामाजिक संरचनाको संवाहक पनि हो । रथयात्रा [p1, p2], ४८ घण्टे जात्रा [p1], गाईजात्रा, रोपाईंजात्रा [p5] जस्ता अनुष्ठानहरूले मन्दिरलाई सांस्कृतिक प्रदर्शनीको मञ्च बनाएको छ । [p1] ले मौलिक संस्कृति र परम्पराको संरक्षणको उद्देश्यले आयोजना हुने दुई दिने सांस्कृतिक कार्यक्रमको उल्लेख गरेका छन् ।

[p6] (पुजारी) को कथनले लिच्छविकालीन राजा मानदेवको पालादेखि नै चलिआएको पुजारी परिवारको परम्पराको उल्लेख गरेर सामाजिक संस्थाको रूपमा मन्दिरको दीर्घकालीनता देखाउँछ । त्यस्तै [p2] ले २०३८ सालदेखिको विकास समितिको इतिहास बताउँछन् । मन्दिर स्थानीय समुदायको गर्वको विषय हो । [p1] ले पाँचखाल धार्मिक पर्यटनका दृष्टिले प्रसिद्ध भन्ने कुराले यसले स्थानीय पहिचानमा कति योगदान दिएको छ भन्ने देखाउँछ ।

मन्दिरले अमूर्त सांस्कृतिक सम्पदालाई जोगाउन महत्वपूर्ण भूमिका खेलेको छ । यसले सामुदायिकता र सामूहिक पहिचान कायम राख्न मदत गर्दछ । यो पक्ष पर्यटन विकासको लागि एउटा अद्वितीय बिक्रि बिन्दु पनि हो । तर बढ्दो व्यावसायीकरणले यी नाजुक परम्पराहरूमा असर पार्न सक्छ । त्यसैले, विकास योजनाहरूले सांस्कृतिक सत्यतालाई कायम राख्नु जरुरी छ ।

### ४.५ लैंङ्गिक भूमिका र सशक्तीकरणको दृष्टिकोण

कथनहरूले मन्दिरको वातावरणमा महिलाहरूको विशेष भूमिका र आर्थिक सशक्तीकरणको सम्भावनालाई उजागर गर्दछ । पुष्पप्रसाद बेच्ने धेरैजसो महिला नै छन् [p8, p9] ले आफ्नो आम्दानीबारे खुलारुपमा कुरा गरेर आर्थिक स्वावलम्बनको एउटा मार्ग देखाउँछन् ।

धार्मिक अगुवा [p6], पुजारी हुन् । नेपाली परम्परागत हिन्दू समाजमा पुरुषप्रधान पुजारी व्यवस्थामा एउटा महिला पुजारीको उपस्थितिले लैंङ्गिक व्यवस्थामा परिवर्तनको सम्भावनालाई इंङ्गित गर्दछ । तथापि, [p9] को आफ्नो पढाइलेखाइ पनि नभएको भन्ने कथनले महिलाहरूको यो आर्थिक सहभागिता विकल्पको अभाव वा शैक्षिक र सामाजिक अवसरको सीमितताको परिणाम पनि हुन सक्ने सङ्केत गर्दछ ।

मन्दिरले महिलाहरूको लागि सामाजिक स्वीकार्य आजीविकाको अवसर सिर्जना गरेको छ । यो महिला सशक्तीकरणको एउटा अनौपचारिक मार्ग हो । विकास कार्यक्रमहरूले यसलाई मान्यता दिएर महिला व्यावसायीहरूलाई वित्तीय साक्षरता, सहकारीमा संङ्गठित हुने, र उनीहरूका उत्पादनलाई मूल्यवर्धन गर्न प्रशिक्षण दिँदा ठूलो प्रभाव पार्न सक्छ ।

## ४.६ व्यवस्थापन, अधिकार र सामुदायिक सहभागिताको जटिलता

मन्दिरको व्यवस्थापन एक जटिल प्रक्रिया हो, जसमा ऐतिहासिक गुठी प्रणाली, स्थानीय सरकार, र केन्द्रीय निकायहरूको भूमिका रहेको छ ।पूजा परम्परा र व्यवस्थापन पुजारी परिवार[p6] को हातमा छ भने विकास कार्य र मेला व्यवस्था वडा र नगरपालिका [p1] र गठित समिति [p2] को जिम्मामा छ । [p1] ले विभिन्न अवसरमा पर्यटक आगमनको व्यवस्थापनको चुनौती र फोहोर व्यवस्थापनको कार्यमा वडाको भूमिका उल्लेख गरेका छन् ।

[p6] ले गुठी संस्थानले आर्थिक सहयोग गर्दछ भन्ने कुराले धार्मिक सम्पदाको अलग वित्तीय प्रणाली (गुठी) को उपस्थितिलाई देखाउँछ । [p1] ले मन्त्रालय, पुरातत्व विभागको सहयोगको आवश्यकता बताउँछन् । सामुदायिक आवाज [p5] (युवा) र [p7](व्यापारी) ले आफ्ना सुझावहरू (होमस्टे, एकीकृत यात्रा) र चिन्ताहरू (काली मन्दिरको कम प्रचार) राखेका छन्  जसले स्थानीयहरूको व्यवस्थापनप्रति रुचि र आफ्नो अनुभवबाट उत्पन्न ज्ञानलाई देखाउँछ । यो बहुहितधारक –वातावरण सहकार्यमा अवसर तर समन्वयमा चुनौती पनि हो । स्पष्ट भूमिका, पारदर्शिता र सामुदायमा आधारित पर्यटनको मोडेल अपनाउँदा दिगो विकास सम्भव छ । [p1] ले गरेको व्यवस्थित रूपमा व्यवसाय गर्न दर्ता गराउने प्रयासले व्यवस्थापनमा सुधारको इच्छाशक्तिलाई देखाउँछ ।

## ४.७ भौतिक पूर्वाधार र वातावरणीय चुनौतीहरू

सहभागीहरूले मन्दिर क्षेत्रका गम्भीर भौतिक र वातावरणीय समस्याहरू उजागर गरेका छन् जसले पर्यटक अनुभव र मन्दिरको पवित्रतालाई प्रभावित गर्दछ । हिउँदको धुलो, वर्षाको हिलो [p1, p2] ,पार्किङ स्थलको अभाव [p2, p5], र वासस्थानको व्यवस्था [p2] जस्ता समस्याहरू बारम्बार उठेका छन् । पशु (बोका) को फोहोर [p1], परेवा र मलेवा [p1], धूपबत्ती, पुष्पपाती र खानेकुराको फोहोर [p1, p5, p11] ले फोहोर व्यवस्थापनमा चुनौती [p1] सिर्जना गरेको छ । [p11]ले शौचालय लगायतका स्थानको सरसफाइमा ध्यान दिन आह्वान् गरेका छन् । [p11] ले मन्दिर भन्ने वित्तिकै भगवान्को वासस्थान हो तसर्थ त्यसको परिसरमा मान्छेले फोहोर गर्नु राम्रो मनिदैन भनेर धार्मिक मूल्य र व्यावहारिक समस्याको द्वन्द्वलाई चिन्ताजनक बनाएका छन् ।

यी समस्याहरूले पर्यटनको वहनक्षमता नाघिसकेको सङ्केत दिन्छ । साना उपायहरू (२ जना कर्मचारी) [p1] लामो समयका लागि अपर्याप्त छन् । व्यापक ठोस अपशिष्ट व्यवस्थापन योजना, जैविक अपशिष्टलाई कम्पोस्ट गर्ने, पुनः प्रयोगमा ल्याउने (धूपभाँडाको रिसाइक्लिङ), र जागरूकता अभियान [p11] को सुझाव अनुसार ) आवश्यक छ । ईंटा छाप्ने [p1]जस्ता सरल उपायहरूले पनि ठूलो फरक ल्याउन सक्छन् ।

## ४.८ एकीकृत, दिगो र समावेशी विकासको सुझावहरू

सहभागीहरूले केवल समस्यामात्र होइन, विवेकपूर्ण सुझावहरू पनि दिएका छन्  जसले स्थानीय जनताको दूरदृष्टि र समस्याको बुझाइलाई देखाउँछ । [p5]ले कृषिपर्यटन र धार्मिक पर्यटन एकैपटक चलाउने र [p1] ले थानादेवी, नारायण मन्दिरसम्म परिक्रमा गराउने विचारले एकीकृत पर्यटन सर्किटको अवधारणालाई समर्थन गर्दछ । [p7]ले काली र भगवती दिदीबहिनी मन्दिरलाई जोड्ने सुझाव दिएका छन् । [p1]निर्वाचित

प्रतिनिधिले स्थानीय स्तरमा विद्यालय व्यवस्थापन समितिमा अध्यक्षको भूमिका पनि निर्वाह गरिरहेका छन्। धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरूमा खिचिएका तस्बिरहरू सङ्कलन गरेर पलाञ्चोक भगवतीको डिजिटल पुस्तक पनि प्रकाशन गर्दै छन्। विद्यालयका बालबालिकाहरूले वरपरको सरसफाइ कायम राख्न पनि परिचालन गरेका छन्। यी गतिबिधिलाई हेर्नेहो भने यस अध्ययन क्षेत्रमा पनि पर्यटन विकासमा शिक्षाले कार्यात्मक रूपान्तरणकारी भूमिका खेलेको देख्न सकिन्छ (Pasa, 2021)।

[p1]ले मनोरञ्जनात्मक खेलहरु, पर्यटकीय सुविधा सम्पन्न होटेल र [p2] ले सुविधा सम्पन्न वासस्थान (होमस्टे) को आवश्यकता बताएका छन् । [p1] ले जैविक कृषि उत्पादनको प्रचारप्रसार गर्ने सुझाव दिएका छन् । [p1]ले बाहिरी लगानी आकर्षित गर्नुपर्ने साथै प्रत्यक्ष रुपमा स्थानीय बासिन्दाले लाभ लिन सक्छन् भन्ने कुराले समावेशी विकासको महत्वलाई जोड दिएका छन् । स्थानीयहरूको सुझावहरू दिगो पर्यटनका मूल सिद्धान्तहरूसँग मेल खान्छन् । आर्थिक लाभ, सामाजिक समावेशिता, र वातावरणीय संरक्षण यसले स्थानीय समुदायलाई निष्क्रिय हितधारक भन्दा सक्रिय सहयोजनाकारको रूपमा संलग्न गर्ने आवश्यकतालाई रेखाङ्कित गर्दछ ।

### ४.९ आध्यात्मिकता र मनोवैज्ञानिक आयाम

दर्शनार्थीहरूको कथनले धार्मिक यात्राको गहन मनोवैज्ञानिक र आध्यात्मिक आयामलाई उद्घाटन गर्दछ, जुन पर्यटनको पारम्परिक अवधारणाभन्दा पर छ । [p10]ले मनमा शान्ति आउँछ भनेर, [p12] ले "मन हलुका र आनन्दित हुँदै गएको भनेर, र [p11] ले आध्यात्मिक संसारमा रमाउने भनेर यात्राको मनोचिकित्सकीय प्रभावको वर्णन गरेका छन् । [p10] ले सोचाइको क्षितिज फराकिलो हुने पनि बताइन् । [p11] ले निष्काम कर्मको उल्लेख गरेर, [p7] ले भगवान्ले जति दिन्छन् त्यसैमा हात थाप्ने भनेर, र [p9]ले यात्रीलाई सेवा हुन्छ भन्ने भावले यात्रालाई भौतिक लाभभन्दा माथिको आध्यात्मिक खोजीको रूपमा पनि हेरेको देखाउँछ । [p10]ले प्राकृतिक सौन्दर्यले सोचाइको क्षितिज फराकिलो हुने र [p12] ले आँखाले भ्याएसम्मका वरिपरिका सौन्दर्यलाई कैद गरियो भन्ने कुराले मन्दिरको प्राकृतिक वातावरणले पनि अनुभवलाई समृद्ध बनाएको देखाउँछ ।

पलाञ्चोक भगवती आध्यात्मिक पर्यटन र Wellness Tourism को लागि पनि एक सम्भावित गन्तव्य हो । यस दृष्टिकोणलाई स्वीकार गरेर विकास गर्दा (जस्तै ध्यान कोठा, योग शिविर, प्रकृति हिँडाइ) पर्यटकलाई लामो समय टिकाउन र उनीहरूको अनुभवलाई गहिरो बनाउन मदत गर्न सकिन्छ, जसले आर्थिक लाभ पनि बढाउँछ ।

## ५. निष्कर्ष तथा सुझावहरू

यस अध्ययनले पलाञ्चोक भगवती मन्दिरलाई एउटा बहुआयामिक सामाजिक, (आर्थिक) सांस्कृतिक संस्थाको रूपमा प्रस्तुत गर्दछ । यो केवल धार्मिक आस्थाको केन्द्र मात्र होइन, स्थानीय अर्थतन्त्रको इन्जिन, सांस्कृतिक परम्पराको संरक्षक, र व्यक्तिगत आध्यात्मिक अनुसन्धानको मञ्च पनि हो । भक्तजनको गहिरो आस्था र विश्वासले सिर्जना गरेको निरन्तर प्रवाहले स्थानीय, विशेष गरी महिला र कम शैक्षिक पृष्ठभूमि भएकाहरूको, आजीविकालाई सञ्चालन गरेको छ । यसले कृषि उत्पादनको लागि निश्चित बजार सिर्जना

गरेर स्थानीय खाद्य प्रणालीलाई सहयोग पुऱ्याएको छ । तथापि यो अवस्थाले गम्भीर चुनौतीहरू सामना गरिरहेको छ । भौतिक पूर्वाधार (पार्किङ, सफाइ, यातायात) को अभाव, पर्यटक प्रवाहको मौसमी उतारचढाव, फोहोर व्यवस्थापनको सङ्कट, र बहुहितधारक व्यवस्थापनको जटिलताले मन्दिरको दिगो विकास र पवित्र वातावरणको संरक्षणमा सीधा खतरा बनेका छन् । यी समस्याहरूले पर्यटनको वहनक्षमता नाघिसकेको सङ्केत दिन्छ । स्थानीयहरूको सुझावहरूले कृषि पर्यटन, होमस्टे, एकीकृत यात्रा सर्किट र आध्यात्मिक कल्याण जस्ता दिगो विकासका मार्गहरू प्रस्ताव गर्दछन् । जसले सामुदायिक सहभागिता र समावेशी विकासलाई केन्द्रमा राख्छ ।

## सन्दर्भ सामग्री


श्रेष्ठ, लक्ष्मण (२०२२). पोखराको भीमसेन मन्दिर,कला, वास्तुकला र गुठी व्यवस्था. हिस्टोरिया, भोल्युम १४, (६८–८२)

श्रीमद्देवी भागवत महापुराणम् प्रथम खण्ड (२०८०) गीताप्रेस, गोरखपुर

बेथाञ्चोक साप्ताहिक वर्ष ८, अङ्क २३, २०८२ पौष १८

आचार्य, बलराम, (२०७६), नेपालमा समाजशास्त्र तथा मानवशास्त्रको परिचय, नेस्नल बुक सेन्टर

अधिकारी, परशुराम, अधिकारी, माया ( २०२५) भालेश्वरदेखि कश्यपेश्वरसम्म धार्मिक पर्यटनका नजरमा काभ्रेपलाञ्चोकका प्रमुख शिवलिङगहरु पनौती जर्नल, भोल्युम-३ (१७६-१८३)

अधिकारी, परशुराम, अधिकारी, माया (२०२५) पनौती भालेश्वर महादेव मन्दिर : एक अध्ययन एवम् विश्लेषण, पुण्यवती जर्नल, भोलुम-१ (७९-८८)

क्षेत्री, गणेश, रायमाझी, रामचन्द्र, (२०६१) पर्यटन :विकास र व्यवस्थापन,एशिया पव्लिकेसन्स

क्षेत्री, गणेश, रायमझी, रामचन्द्र (२०६०) नेपालको इतिहास पृ.१३७, एशिया पव्लिकेसन्स

पुरातत्व विभागको द्वैमासिक मुखपत्र सङ्ख्या ९१ पौष माघ २०४२

हिन्दु धर्म के हो ? इडि विश्वनाथन् इडि (२०६५), हिन्दु धर्म के हो ? ब्रोदर्स न्युज एजेन्सी

लामा, मोहन सिं (२०८१), काभ्रेली गुञ्जन , काभ्रे सेवा समाज

गौतम, युवराज, (२०६१), तीर्थ पर्यटन, लुम्बिनी ट्रेडिङ एण्ड प्रिन्टिङ हाउस प्रा.लि

खतिवडा, डा.सोमप्रसाद, दाहाल, डा.कमला (२०६७ ) नेपालको सांस्कृतिक पर्यटन एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स

Creswell, J.W. &Creswell, J.D. (2018) Research Design: Qualitative, Quantitative, and Mixed Methods Approaches. Sage, Los Angeles.

Mason, L. (2018). Uncivil Agreement: How Politics Became Our Identity. Chicago, IL: University of Chicago Press. https://doi.org/10.7208/chicago/9780226524689.001.0001

Pasa, R. B. . (2021). Interface between Education and Tourism around Panchmul Area of Aandhikhola Rural Municipality of Syangja District. *Dhaulagiri Journal of Sociology and Anthropology*, *15*(01), 82–94. https://doi.org/10.3126/dsaj.v15i01.41930

~O~